नेपाल सरकार
संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय
# वीरेन्द्रनगर नगरपालिका कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

## सवारी साधन आपुर्ती सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना
(सूचना प्रकाशित मिति २०७३।०१।२२)

यस नगरपालिकालाई आवश्यक पर्ने सवारी साधन आपुर्ती गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र पेश गर्नहुन यो पुन: सूचना प्रकाशित गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिन सम्म बोलपत्र फारम यस कार्यालयमा आपुर्तीकर्ता वा अधिकार प्राप्त प्रतिनिधिहरुले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाण पत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाण पत्र आ.व. ०७१/०७२ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रत्र वा आर्थिक बर्ष २०७१।०७२ को कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी सहित नियमानुसार बोलपत्र दस्तुर रु. १०००।- (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

२. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी यो सूचना प्रकाशित भएको मिति देखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ।

३. बोलपत्र फारम साथ जमानत वापत रकम यस नगरपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैंक सुर्खेत शाखामा रहेको धरौटी खाता हि.नं. ग/३-२ ४०८०३०३०००००२ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको नगदि रसिद वा यस कार्यालयको नाममा जारी भएको १२० दिन (बोलपत्र मान्य हुने अवधि ९० दिन र थप ३० दिन बढि भएको) म्याद भएको बोलपत्र खोलिएको मितिदेखि गणना हुने गरी नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको विडवण्ड संलग्न गर्नुपर्ने छ।

४. दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा कार्यालय प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे यस न.पा. कार्यालयमा खोलिने छ। तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्रहरु खोल्न बाधा पर्ने छैन फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको पहिलो दिन सोहि समयमा हुनेछ।

कार्यकारी अधिकृत

D/My Document/Store/Bolpatra 1

५. बोलपत्र स्वीकृती भएमा ठेक्का अंकको ५ प्रतिशत हुन आउने रकम बैंक भौचर वा राजश्व शाखामा दाखिला गरेको रसिद वा मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स वण्ड (कार्य सम्पादन बैंक ग्यारेन्टी) प्रचलित कानुन बमोजिम पेश गर्नुपर्ने छ ।

६. प्राप्त बोलपत्र आंशिक वा सम्पुर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेको र म्याद नाघि आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन । बोलपत्रमा प्रत्येक आइटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुभ्फिने गरी भर्नु पर्नेछ । यदि उल्लेख गरेको दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८. कार्यालयले दिएको निर्देशन एवं सम्पुर्ण शर्तहरु मान्य हुनेछन् ।

९. अन्य कार्यविधीहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१०. बोलपत्र सम्बन्धी थप जानकारीको लागि वीरेन्द्रनगर नगरपालिका कार्यालय वीरेन्द्रनगर सुर्खेतको फोन नं. ०८३-५२०१४४ र ०८३-५२०१२८ मा सम्पर्क गर्न सकिने छ ।

११. बोलपत्र सम्बन्धी सूचना संसोधन भएमा यस कार्यालयको सूचना पार्टीमा टांस गरिनेछ ।

१२. बोलपत्र सम्बन्धी सूचना यस कार्यालयको वेभसाइट www.birendrangarmun.gov.np मा हेर्न सकिने छ । साथै बोलपत्र सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको जिन्सी उपशाखामा बुभ्फ्न सकिने छ ।

१३.

| क्र. सं. | विवरण | थान | बोलपत्र फारम दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | Double Cap 4 Wheel Drive Pickup | १ (एक) | रु. १०००।- | कबोल अंक रकम को २.५प्रतिशत | |

.............................

(बालाराम शर्मा)

कार्यकारी अधिकृत

उपसचिव